## निर्णयहरु:

### निर्णय नं. १

आर्थिक वर्ष २०७४/०७५को वार्षिक बजेट तथा कार्यक्रमको लक्ष्य, प्रगति र प्राप्त उपलव्धीका सम्वन्धमा समीक्षा गरियो । प्रमुख जिल्ला अधिकारीबाट उक्त आर्थिक वर्षमा पूँजिगत खर्चतर्फ सन्तोषजनक प्रगति हासिल भएको सन्दर्भमा सबै सम्वन्धित कार्यालय प्रमुखहरु र समग्र टीमलाई बधाई एवं धन्यवाद व्यक्त गर्दै चालु आ.व. मा प्राप्त लक्ष्यलाईसमेत समयमा नै कार्यान्वयन गरी अझ उल्लेखनीय उपलव्धी हासिल गर्न प्रयत्नशील रहने निर्देशन भयो ।

### निर्णय नं. २

अझै पनि मनसुनको अवधि जारी रहेकोले जिल्लामा हुन सक्ने बाढी, पहिरो र डुवान जस्ता विपदजन्य घटनाका सम्भावनालाई मध्यनजर गरी सबै सरोकारवाला निकायहरुले आपसी समन्वयमा उच्च सतर्कताका साथ तयारी अवस्थामा रहने ।यस अधि जिल्ला विपद व्यवस्थापन समितिले गरेको निर्णय कार्यान्वयनमा जोड दिने । विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना परिमार्जन गर्न सबै विषयगत क्लष्टरहरुले समितिलाई सघाउने ।

### निर्णय नं. ३

जिल्लामा एक कर्मचारी एक फलफूलको विरुवा रोपण गर्ने अभियान अन्तर्गत जिल्लाभरिका सबै निकाय, स्थानीय सरकार र अन्य संघसंस्थाहरुबाट रोपिएका फलफूल र अन्य प्रजातीका विरुवाहरुको लगत साविक जिल्ला कृषि विकास कार्यालय र जिल्ला वन कार्यालयले तयार गरी ३ दिन भित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

### निर्णय नं. ४

सबै कार्यालयहरुले सम्पूर्ण कर्मचारीहरुको अनिवार्य सहभागितामा प्रत्येक शुक्रवार कम्तिमा एक घण्टा समय कार्यालय र कार्यालय परिसरको सफाईमा लगाउने । यही भाद्र २४ देखि तोकिएको कार्यतालिका अनुसार मनाउन लागिएको सप्ताहव्यापि विश्व वातावरण दिवसलाई समेत सफल बनाउने ।

### निर्णय नं. ५

सबै कार्यालयहरुले यही भाद्र महिना भित्र सबै कर्मचारीहरुलाई स्थायी लेखा नम्वर लिन लगाउने र अनिवार्य रुपमा e-TDS गर्ने व्यवस्था मिलाई सोको प्रगति विवरण आगामी कार्यालय प्रमुखको बैठकमा पेश गर्ने ।

### निर्णय नं. ६

सेवा प्रवाह र सुशासनका सन्दर्भमा यस अधिका कार्यालयहरुको बैठकबाट भएका निर्णयहरु तदारुकताका साथ कार्यान्वयन गर्ने । विशेषगरी नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका कार्यालय प्रमुखहरुले कार्यालयमा समयपालना, अनुशासन, सदाचार प्रवर्द्धन र पेशागत आचरण कायम राख्न विशेष ध्यान दिने । वित्तीय अनुशासन र उत्तरदायित्व कायम राख्ने । आन्तरिक नियन्त्रण प्रणालीलाई कसिलो बनाउने । सकारात्मक सोच सहित सुधारको कार्ययोजना बनाएर आजैबाट आफैबाट परिवर्तनका निम्ति विशेष पहलकदमी लिने ।

निर्णय नं. ७

विभिन्न निकायहरुबाट स्थानीय तहमा कामकाज गर्न खटाइएका कर्मचारीहरुको तलव भत्ता अद्यापि दरवन्दी भएकै निकायहरुबाट भुक्तानी भएको भन्ने बुझिन आएकोले अव उप्रान्त त्यस्ता कर्मचारीहरुको तलव भत्ता कामकाज गर्न खटिएकै स्थानीय तहले भुक्तानी गर्ने ।

निर्णय नं. ८

स्थानीय तहमा कर्मचारी अभाव भएको गुनासो बारम्वार आउने गरेको हुँदा स्थानीय तह वा अन्यत्र सरुवा भएका कर्मचारीहरुलाई रमाना दिन बाँकी भएको भएसबै कार्यालयहरुले यथाशीघ्र रमाना दिने । जिल्ला स्थित कार्यालयहरुले स्थानीय तहसँगको समन्वयमा आफ्नो ज्ञान, अनुभव र विज्ञता स्थानीय तहमा हस्तान्तरण गर्ने ।

निर्णय नं.९

अधिकांश कार्यालय प्रमुखहरुले कुनै पनि जानकारी विना जिल्ला छाड्ने गरेको पाइएको र सार्वजनिक बिदाका दिन सरकारी कामकाजमा जाँदा सवारी पास लिने गरेको नपाइएको हुँदा अव आइन्दा अनिवार्य रुपमा प्रमुख जिल्ला अधिकारीलाई वा सहायक प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराएर मात्र जिल्ला छाड्ने र सार्वजनिक बिदाका दिनमा सरकारी कामका निम्ति अनिवार्य रुपमा सवारी पास लिएर मात्र सवारी साधन सञ्चालन गर्ने । सवारी पास नलिई सञ्चालनमा ल्याइएका सवारी साधनहरुलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिने ।

निर्णय नं.१०

सबै कार्यालयहरुले सूचनाको हक सम्वन्धी ऐन बमोजिम त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्ने विवरणहरु सार्वजनिक गर्ने । मानव अधिकार राष्ट्रिय कार्ययोजना बमोजिम गर्नु पर्ने कामहरु गरी समयमा नै सम्वन्धित निकायमा प्रतिवेदन गर्ने । सबै कार्यालय प्रमुखहरुले आफ्नो मासिक हाजिरी विवरण वेभसाइटमा सार्वजनिक गर्ने ।

निर्णय नं.११

कार्यालयहरुले आफ्नो क्षेत्राधिकार भित्र पर्ने कामको नियमित अनुगमन मूल्यांकन गरी बजार (खाद्य तथा गैर खाद्य पद्धार्थ) व्यवस्थापन, आपूर्ति व्यवस्थापन, यातायात व्यवस्थापन, स्वास्थ्य तथा सरसफाई र शिक्षा क्षेत्र व्यवस्थापनलाई प्रभावकारी बनाई आम नागरिकलाई परिवर्तनको अनुभूति दिलाउन हरदम प्रयासरत रहने ।

निर्णय नं.१२

सधै झैं यस वर्ष पनि यही २०७५ साल भाद्र २२ गते **निजामती सेवा दिवस** सम्वन्धमा समारोह समिति गठन गरी विविध कार्यक्रमका साथ भव्य र सभ्य तवरले मनाउने ।